Total No. of Printed Pages—7

**HS/XII/A/n/25**

**2025**

**ELECTIVE NEPALI**

*Full Marks* : 100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions*

*General Instructions* :

(i) Write all the answers in the Answer Script.

(ii) Attempt Part—A (Objective Questions) serially.

(iii) Attempt all parts of a question together at one place.

( PART : A—OBJECTIVE )

( *Marks* : 50 )

SECTION—I

( *Marks* : 20 )

**1.** तल दिइएका प्रश्नहरूका वैकल्पिक उत्तरमध्ये सही उत्तर छानेर लेख : 1×10=10

(क) ''उनीसित लिनुदिनु गर्नु आफैंले आफ्नो घर सल्काउनुजत्तिकै हो।''
माथिको वाक्यमा 'उनी' कसलाई भनिएको हो?

*(i)* रिकुटे

*(ii)* धने

*(iii)* बैदार बूढा

*(iv)* लेउते

(ख) ''खाईलाई रहेको पो धन।'' यो कसको सिद्धान्त हो?

*(i)* धने

*(ii)* कार्की

*(iii)* लेउते

*(iv)* रिकुटे

(ग) ''धनेको कठोर मुड्की खाएर रुन थाल्यो।''
माथिको वाक्यमा रुने व्यक्ति को हो?

*(i)* साने घर्ती

*(ii)* कान्छा साहू

*(iii)* मोटे कार्की

*(iv)* नन्दे ढकाल

(घ) दसैं आउने बेलामा झुमा बजार गर्न कहाँ गई?

*(i)* शुक्रबारे हाट

*(ii)* शनिबारे हाट

*(iii)* आइतबारे हाट

*(iv)* सोमबारे हाट

(ङ) 'बसाइँ' उपन्यासलाई कति भागमा विभाजन गरिएको छ?

*(i)* 15 भाग

*(ii)* 30 भाग

*(iii)* 45 भाग

*(iv)* 60 भाग

(च) वाग्मतीको छोरोलाई के रोग लागेको थियो?

*(i)* रुघा

*(ii)* ज्वरो

*(iii)* पखालो

*(iv)* हैजा

(छ) ''मेरो भनाइ के भने जत्तिकै नजीक भए पनि त्यो तिम्रो छोरा हुँदैन।'' यस वाक्यमा 'तिम्रो' शब्दले कसलाई बुझाउँछ?

*(i)* दुलही

*(ii)* कृष्णकी बहिनी

*(iii)* वाग्मती

*(iv)* युवती

(ज) दुलहीको छोरो जन्मने बेलामा सासू-ससुरा कहाँ गएका थिए?

*(i)* काशी

*(ii)* बनारस

*(iii)* पोखरा

*(iv)* देहरादून

(झ) 'मसान' नाटकको अघिल्लो आधामा कति दृश्य छन्?

*(i)* 3 दृश्य

*(ii)* 4 दृश्य

*(iii)* 5 दृश्य

*(iv)* 6 दृश्य

(ञ) ‘‘दुई-तीन दिन नबोलिँदैमा मर्ने भए के माया।’’ यो वाक्य कसलाई भनिएको हो?

*(i)* दुलहीलाई

*(ii)* कृष्णलाई

*(iii)* वाग्मतीलाई

*(iv)* युवतीलाई

**2.** कोष्ठकभित्र दिइएका सही शब्द छानेर तलका वाक्य पूरा गर : 1×5=5

(क) कार्कीले टोपी ______ पारेर लाउँदै भन्यो। (उल्टो/सुल्टो)

(ख) खेत र रुपियाँ पाएकोमा उसलाई ______ थियो। (हर्ष/आनन्द)

(ग) रिस र दुःख-को आवेशमा धनेले ______ आफ्नो प्रेम पनि भुलिसकेको थियो। (प्राणिप्रतिको/पशुप्रतिको)

(घ) यो स्वास्नीमान्छेको फुटेको ______। (भाग्य/कर्म)

(ङ) हजुरले ______ दिएर नहेरिदिएको भए नानीको कुन गति हुन्थ्यो आज। (प्राण/ज्यान)

**3.** तल दिइएका कथन सत्य भए ‘हो’ र सत्य नभए ‘होइन’ लेख : 1×5=5

(क) नन्दे ढकालको छोरो कान्छो सानैदेखि अत्याचारी स्वभावको थियो।

(ख) झुमा र ठूली बेलैमा लिम्बू गाउँ जान निस्के।

(ग) दुलहीको निन्द्रा कुम्भकर्णको जस्तो छ।

(घ) वाग्मतीको लोग्नेले दोस्रो बिहे गऱ्यो।

(ङ) भोटु कृष्णको ठूलो भानिज हो।

## SECTION—II

( *Marks* : 30 )

**4.** तलका कुनै **पाँच** प्रश्नहरूका *4/5* वाक्यमा उत्तर लेख : 3×5=15

(क) रिकुटे र मोटे कार्की-को तुलना गर।

(ख) मैना को हो? ऊ कसरी धनेकी सहयोगी बनेकी छे?

(ग) झुमाको पूरा नाम के हो? झुमाप्रति मोटे कार्कीको कस्तो भावना थियो?

(घ) रागेभीर र छहरे धारा के-के हुन्?

(ङ) दुलही बिहे गर्दा कति वर्षकी थिई? ऊ कसरी कमजोर भएकी छे?

(च) "हाम्रो यो घरमा बाहेक अन्त कहीं पनि गति छैन।" यो वाक्य कसले कसलाई किन भनेको हो? स्पष्ट पार।

(छ) दुलहीबाट छोरो जन्मँदा सबैभन्दा धेरै को किन खुसी थिए?

**5.** (क) रस कति प्रकारका छन्? कुनै चार रसको नाम लेख। 3

(ख) वार्णिक छन्द केलाई भनिन्छ? एउटा उदाहरण देऊ। 3

(ग) शब्दालङ्कार भनेको के हो? उदाहरण देऊ। 3

(घ) वाच्य केलाई भनिन्छ? उदाहरण देऊ। 3

(ङ) कर्ता, सम्प्रदान र अपादान कारक-का एक-एकवटा उदाहरण देऊ। 3

( PART : B—DESCRIPTIVE )

( *Marks* : 50 )

**6.** सप्रसँग व्याख्या गर (कुनै **दुई**) : 5×2=10

(क) झलमल बिजुलीबत्तीले रातैमा घाम लागेजस्तो हुन्छ। दोकान पनि यस्तो पाखामा काँ हुन्छ र! जता हेऱ्यो उतै बजार।

(ख) म त सानैदेखि पो परदेश लागेको, चौध वर्षको मात्र थिएँ होला पहाड छाड्दा, ऐले पल्टनमा भर्ती भा' को पनि तीन वर्ष पुग्यो।

(ग) मलाई किन भनेकी? उसैकी आमालाई गएर सुनाउन जान सब कुरा।

(घ) परचक्रीले पनि गर्ने बेलामा मैले त्यति गरें, कुन ठूलो कुरा भो र? त्यस्तो बेलामा चूप लागेर हात बाँधेर को बस्न सक्छ।

**7.** युवतीले किन कृष्णको दोस्रो बिहे गरिदिन्छे र कृष्णको घर छोडेर जान्छे? 7

**अथवा**

'मसान' नाटककी नायिका युवतीको चरित्र चित्रण गर।

**8.** धनेले आफ्नो घरको अवस्था सुधार्नको निम्ति कस्ता-कस्ता असफल प्रयास र सङ्घर्ष गर्छ? बुझाएर लेख। 7

**अथवा**

'बसाइँ' उपन्यासकी पात्रा मैनाको चरित्र चित्रण गर।

**9.** योगबाट तिम्रो शरीरमा भएको लाभलाई मुख्य विषय बनाएर छात्रावासमा बस्ने भाइलाई एउटा पत्र लेख। 6

**10.** तल दिइएका विषयमध्ये कुनै **एउटा** विषय छानेर *200* शब्दभित्र निबन्ध लेख : 10

(क) जहाँ इच्छा तहाँ उपाय

(ख) शिक्षक दिवस

(ग) इन्टरनेटको लाभ र हानि

(घ) जीवनमा परिश्रमको महत्त्व

(ङ) तिमीलाई मनपर्ने खेल

**11.** तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख :

उचित समयमा सबै काम सम्पन्न गर्ने आदतलाई समय-निष्ठा भनिन्छ। मनुष्यको जीवन अति छोटो छ अनि यो जीवनमा सम्पन्न गर्नुपर्ने कामहरू धेरै छन्। यस्तो अवस्थामा हामीमा उचित समयमा उचित काम गर्ने प्रवृत्ति छैन भने हामी जीवनमा कहिले पनि सफल हुने छैनौं। हामीले आफ्नो जीवनलाई उन्नतिशील र सफल तुल्याउनु हो भने आफ्नो अमूल्य समयलाई व्यर्थमा नष्ट गर्नु हुँदैन। एकपल्ट बितेर गएको समय फेरि फर्केर आउँदैन। यसकारण हामीले एक पल समय पनि खेर नफाली त्यसलाई उचित काममा प्रयोग गर्नुपर्छ। जुन विद्यार्थी उचित समयमा आफ्नो पाठको अध्ययन गर्छ, जो उचित समयमा लेख-पढ्, खेल-कूद गर्छ नियमित रूपले श्रेणीमा उपस्थित हुन्छ, उही नै एक सफल विद्यार्थी बन्दछ। जुन विद्यार्थीले उचित समयमा केही काम गर्दैन, उसलाई परीक्षा एक भार बन्दछ अनि परीक्षाको समय असारको पन्ध्र भएर उपस्थित हुन्छ।

**प्रश्नहरू :**

(क) समय-निष्ठा भनेको के हो? 2

(ख) कस्तो प्रवृत्ति भएन भने हामी सफल हुँदैनो? 2

(ग) हामीले समयलाई किन व्यर्थमा नष्ट गर्नु हुँदैन? 2

(घ) कस्तो विद्यार्थी सफल बन्दछ? 2

(ङ) कस्तो विद्यार्थीलाई परीक्षा एक भार बन्दछ? 2

★★★